स्थानीय सरकार
अपिहिमाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला,
सुदुरपश्चिम, प्रदेश, नेपाल

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला
सुदुरपश्चिम प्रदेश,नेपाल

पत्र संख्या २०८१-०८२
सूचना नं. ३६

(खरिद इकाई)

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना॥

**प्रथम पटक प्रकाशित मिति: २०८२।०१।२५**

अपिहिमाल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय खण्डेश्वरी दार्चुलाको उद्योग विकास शाखाको लागि नवप्रवर्तनमा आधारित उद्यमशीलता तथा आयआर्जन कार्यक्रमको लागि बाख्रा खरिदका लागि प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ र अपिहिमाल गाउँपालिका खरिद नियमावली, २०७८ नियम ९४ बमोजिम खरिद गर्नुपर्ने भएकाले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमका बाख्राहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक फर्महरुले निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । तपशिल :

| सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान ढुवानी सहित | बैंक जमानत | बैंक जमानत अवधी | दरभावपत्र मान्य अवधि | दरभावपत्र दस्तुर फिर्ता नहुने गरी |
|---|---|---|---|---|---|---|
| QA/03/2081/082 | नवप्रवर्तनमा आधारित उद्यमशीलता तथा आया आर्जन कार्यक्रमको लागि बाख्रा खरिद | १३,५१,०००।०० | ३३,७७५।०० | ७५ दिन | १५ दिन | रु १०००।०० |

शर्तहरु :

१ संलग्न दरभाउपत्रमा उल्लेखित बाख्राहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम वापत तोकिएको दस्तुर अपिहिमाल गाउँपालिका कार्यालयको माछापुच्छे बैंक शाखा कार्यालय अपिहिमाल गाउँपालिका खण्डेश्वरी दार्चुलामा रहेको आन्तरिक राजश्व खाता नं ०९८००७६९६२८००१६१ मा नगद जम्मा गरी सक्कल भौचर सहित दरभाउपत्र , लिखित निवेदनका साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,नविकरण कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्रौ औं दिनको कार्यालय समय भित्र अपिहिमाल गाउँपालिकाको कार्यालय खण्डेश्वरी दार्चुला वा गाउँपालिकाको ईमेल आईडी: apihimaldarchula@gmail.com बाट दरभाउपत्र प्राप्त गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र रीतपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको ठिक १२:०० बजे भित्र दरभाउपत्र खरिद गरीएको कार्यालयमा दर्ता गराउनु पर्ने छ । साथै दरभाउपत्र खरिद गरेको सक्कलै रसिद सहित दरभाउपत्र फाराम सिलबन्दी गरी खरिद कार्यको नाम र कार्यालयको ठेगाना सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने बेहोरा लेख्नुपर्ने छ ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायर्सको आधिकारिक प्रतिनिधि आफै वा हुलाक, कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत फठाएको सिलबन्दी दरभापपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने बाख्राहरुको भूत्तानी दार्चुला जिल्ला अपिहिमाल गाउँपालिका केन्द्र सम्म ढुवानी भै जिल्ला पशु डाक्टरबाट चेकजाचँ भएपछि मात्र गरिने छ । तस्र्थ दरभाउपत्र पेश गर्दा बैंक जमानत आवश्यक पर्ने छ ।

५. दरभाउपत्र खरिद गर्ने दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको समयमा बिक्रि गरिने दर्ता गरिने वा खोलिने छ ।

६. म्याद नाघी वा रीत नपुगि आएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७ दरभाउपत्रमा उल्लेखित बाख्राहरु १२ महिना देखि माथि ३६ महिना मुनिको हुनुपर्ने छ । बाख्रालाई लगाइने सम्पुर्ण खोप लगाइको खोप कार्ड हुनुपर्ने छ ।

८. अन्य शर्तहरु प्रचलित सार्वजनिक खरिद ऐन, र नियमावली, बमोजिम हुनेछ ।

९. अन्य थप जानकारीको लागि सम्पर्क नं ९८६४६१४५६९ र ९८४८७९२६७० मा अर्थात अपिहिमाल गाउँपालिकाको कार्यालय खण्डेश्वरी बाट प्राप्त गर्न सकिने छ।

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

वेवसाइट: www.apihimalmun.gov.np ईमेल: apihimaldarchula@gmail.com info@apihimalmun.gov.np
"सुन्दर ,सम्बृद्ध र विकसित अपिहिमाल"